फलेवास नगरपालिकाको स्थानीय राजपत्र

फलेवास नगरपालिका

नगर कार्यपालिकाद्वारा प्रकाशित

खण्डः१)　　फलेवास, माघ ६ गते, २०७९ साल　　(संख्याः२)

भाग २

फलेवास नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, पर्वत

फलेवास नगर कार्यपालिकाको मिति २०७९।१०।०६ गतेको बैठकबाट फलेवास नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७७ को दफा ९६ को उपदफा (१) मा देहायबमोजिम संशोधन भएकाले सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

१. फलेवास नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७७ को दफा ९६ को उपदफा (१) मा भएको व्यवस्था देहायबमोजिम संशोधन गर्नेः

देहायः

ऐनको दफा ४१ को उपदफा (१) को खण्ड (क) बमोजिम खरिद गर्दा उपनियम (११) को अधीनमा रही प्रमुख प्रशासकीय अधिकृतको निर्णयले पाँच लाख रुपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य र मालसामान सोझै खरिद गर्न सकिनेछ । तर परामर्श सेवा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम हुनेछ ।

आज्ञाले,
नेत्रप्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत